स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**कृषि उत्पादन बढाऔं ।**

-खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
-जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,
-स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
-प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,
-कृषि तथा पशुपन्छी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,
-कृषि अनुदानको सही सदुपयोग गरौं,
-बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसँग सल्लाह सुझाव लिऊँ, कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौ ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



नयाँ वर्ष ०८२ को अवसरमा टाइटल डिजाइनसहित घोषणा गरिएको सामाजिक प्रेम कथानक फिल्म 'जदौ'को प्रमुख अभिनेत्रीमा साम्राज्ञी राज्य लक्ष्मी शाह अनुबन्धित भएकी छिन्। सिल्भर स्क्रिन इन्टरटेन्मेन्ट र सम्मिश्रण मुभिज एण्ड इन्टरटेन्मेन्ट प्रालिले संयुक्त रूपमा निर्माण गर्ने फिल्मको परिकल्पना र लेखन काजी लिम्बूको रहेको छ।

**आजको विचार...**



हरित....
(दुई पेजमा)

भारती पाठक



'ह्रस्व दीर्घ' निर्देशक चन्द्र पन्तको आगामी फिल्म 'आ बाट आमा'मा कलाकारको लाइनअप बलियो बनिरहेको छ । केही साताअघि अभिनेत्री विपना थापालाई मुख्य भूमिकामा अनुबन्ध गरिएको फिल्ममा अब अभिनेता पल शाह भित्रिएका छन् ।

❐ वर्ष ३० ❐ अंक ३०९ ❐ २०८२ जेठ २१ गते बुधबार 4 June 2025, Wednesday ❐ पृष्ठ संख्या 8 मूल्य रू ५/-

## संक्षिप्त समाचार

### इजरायली आक्रमणमा १५ को मृत्यु

(रासस/एएफपी)

**गाजा,** जेठ २०/इजरायली सेनाले मङ्गलबार गाजाको दक्षिणको सहायता केन्द्र नजिकै गरेको आक्रमणमा कम्तिमा १५ जनाको मृत्यु भएको उद्धार कर्ताहरुले जनाएका छन् । आक्रमणमा एकै ठाउँमा दर्जनौं मानिस मारिनुका साथै अन्य घाइते भएको उद्धारकर्ताहरूले बताएका छन् । घटनाको पुष्टि गर्दै नागरिक सुरक्षाका एजेन्सिका प्रवक्ता महमुद बासलले इजरायली सेनाले राफाहको उत्तरपश्चिममा अल मवासीको अल आलमको रोटोन्डा नजिकै हजारौं नागरिक विरुद्ध ट्याङ्क र ड्रोनले मार्फत आक्रमण गरेको बताउनु भएको छ । संयुक्त राष्ट्रसैका प्रमुख एन्टोनियो गुटेरेसले आक्रमणको स्वतन्त्र अनुसन्धानका लागि आह्वान गर्दै प्यालेस्टिनीहरूले खानाको व्यवस्था गर्नका लागि आफ्नो ज्यान जोखिममा पार्न नहुने बताएका छन् । इजरायलले गाजाको स्थिति सुधार गर्न बढ्दो दबाबको सामना गरिरहेको छ । गाजामा इजरायलले दुई महिना सम्म आपूर्ति अवरुद्ध गरेपछि मानिसहरूले खाना लगायत अन्य अत्यावश्यक वस्तुहरुको अभावको सामना गरिरहेका छन् । पछिल्लो समयमा सहायता प्रवाह अनुमती दिएको छ भने अन्तराष्ट्रिय समुदायले इजरायललाई थप सहायताको प्रवेशलाई अनुमति दिन आग्रह गरेको छ । हमासलाई पराजित गर्ने उदेश्यले इजरायलले हाल गाजामा आफ्नो अभियानलाई तीव्र बनाएको छ ।

# बाजा घन्काउँदै रिब्दीकोटका महिला

*कुनै बेला महिलाले बाजा बजाउनु त के छोए पनि 'पाप' लाग्छ भन्ने अन्धविश्वास यत्रतत्र, सर्वत्र थियो । उसबेला न महिलाले आफैं बाजा बजाउने आँट गरे न पुरुषले नै बाजा छुन तथा बजाउनमा महिलालाई सहयोग गर्न अघि सरे । तर अहिले समय फेरिएको छ । बाजा छुन नपाउने महिलाहरु नै बाजा बजाउने मात्रै होइन बाजाको संरक्षणमा समेत कम्मर कसेर लागि परेका छन् ।*

**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ २०/कुनै बेला महिलाले बाजा बजाउनु त के छोए पनि 'पाप' लाग्छ भन्ने अन्धविश्वास यत्रतत्र, सर्वत्र थियो । उसबेला न महिलाले आफैं बाजा बजाउने आँट गरे न पुरुषले नै बाजा छुन तथा बजाउनमा महिलालाई सहयोग गर्न अघि सरे । तर अहिले समय फेरिएको छ । बाजा छुन नपाउने महिलाहरु नै बाजा बजाउने मात्रै होइन बाजाको संरक्षणमा समेत कम्मर कसेर लागि परेका छन् । त्यसको एउटा गतिलो उदाहरण हो, जिल्लाको रिब्दीकोट गाउँपालिका-३, को आदीवासी जनजाति समूह ।

संस्कृति संरक्षण र आत्मनिर्भरताका लागि गाउँपालिका र वडा कार्यालयले महिलाहरुको लागि तालिमसँगै बाजाहरु किन्दिएपछि समूहमा आवद्ध महिलाहरु बाजा बजाउन थालेका छन् । युवा र पुरुषहरु विदेशिएका कारण जनशक्ति नहुँदा विवाह, ब्रतबन्ध जस्ता शुभकार्यमा बाजा बजाउने परम्परा र संस्कृति लोप हुन थालेपछि यहाँका महिलाले व्यवसायिक रुपमा बाजा बजाउने पेशा अपनाएका हुन् । संस्कृति र



पेशालाई संरक्षण गर्दै महिलालाई आयआर्जन तथा आत्मनिर्भर बन्नका लागि बाजा बजाउन सिकाइएको वडा अध्यक्ष नारायण बहादुर केसीले बताए । उनले भने "जनजाति लक्षित कार्यक्रम अन्तर्गत महिला आयआर्जन शिर्षकबाट पञ्चेबाजा बजाउन सिकाइएको हो ।" पहिलो चरणमा १० दिनका तालिम दिइएको अध्यक्ष केसीले बताए । महिलाहरुले अहिले बाजा बजाउन धेरै नै सिकिसकेका छन् । पहिलो चरणमा आधारभूत तालिम दिइए पनि आगामी दिनमा बजेट विनियोजन गरी थप तालिम दिइने उनले बताए । गत वर्ष गाउँपालिकाबाट वडामा विनियोजन गरेको ५० हजार बजेटमार्फत बाजा खरिद गरिएको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत मणिप्रसाद खनालले बताए । उनका अनुसार यस वर्ष ५० हजार बजेटमार्फत महिलाहरुलाई बाजा बजाउन सिकाईएको हो । सिप र सामग्री पाएपछि महिलाहरुले व्यवसायिक रुपमा बाजा बजाउन थालेको उनको भनाइ छ । अहिले महिलाहरुले पालिकामा हुने कार्यक्रमहरुमा समेत उपस्थित भएर बाजा बजाउन थालेका छन् । उनीहरु केही दिन अघि भारकोट र रानीकुवामा भएको खेल प्रतियोगिताको उद्घाटनमा गई बाजा बजाएका थिए । समूहकी संयोजक अरुणा छहारीले गाउँपालिका र वडाको सहयोगबाट आफुहरुले बाजा बजाउन सिकेको बताईन् । उनले भनिन् "बाजा बजाउन सिक्दा संस्कृतिको संरक्षण पनि हुने र आम्दानी पनि गर्न सकिने हुँदा महिला दिदीबहिनीहरु उत्साहका साथ लाग्नु भएको छ ।" गाउँघरमा लोकबाजा, पञ्चेबाजा बज्न छोडेको अवस्थामा समूहबाट सुरू भएपछि अहिले नौमती र पञ्चेबाजाका धुन गुञ्जिन थालेको उनको भनाई छ । पञ्चेबाजा भनिए पनि यो समूहमा ९ जनाको टिम आवश्यक पर्छ । दुईजनाले सनाई, दुई जनाले कर्नाल, दुई जनाले दमाह बजाउँछन् । समूहमा एक/एक जनाले ढोलकी, ट्याम्को र झ्याली बझाउँछन् । नौ वटा वाद्यवादनलाई एउटै सुर र तालमा मिलाएर एकैपटक बजाएको हेर्दा जति आनन्द लाग्छ बजाउन पक्कै पनि सजिलो छैन, तर उनीहरूको मेहनत र लगनशिलताले सहज बनाएको छ । "कसले के भन्छ, कसले कसरी हेरेको छ भन्नेतिर ध्यानै गएन, जसरी पनि राम्रोसँग बाजा बजाउनुपर्छ भन्नेतर्फ ध्यान गयो यसले पनि सिक्न र बजाउन सजिलो भयो" संयोजक छहारीले भनिन् । यो समूहमा ४० देखि ५५ वर्षसम्मका १६ महिला आवद्ध छन् । "गाउँमा बाजा बजाउने युवा नहुँदा छिमेकी गाउँबाट बोलाउनुपर्ने थियो," उनले भनिन् "छिमेकी गाउँबाट बाजा बजाउने जनशक्ति नआए संस्कार कार्य नै प्रभावित हुने अवस्था आएपछि महिलाहरुले बाजा बजाउने सिप सिकेर व्यवसाय थालेका छौं ।" बाजा बजाउने सिप सिकेपछि मौलिक संस्कृतिको संरक्षणसँगै आयआर्जनको अवसर सिर्जना भएको छहारीले बताइन् । पञ्चेबाजा संरक्षणको लागि भन्दै महिलाहरु अघि सरेपछि त्यसमा पुरुषहरुले पनि साथ दिएका छन् । बाजा बजाउनेदेखि त्यसका तालका विषयमा पुरुषले सहयोग गरेको समूहकी संयोजक छहारीले बताइन् । 'हामी गर्छौं भनेर लागेपछि पुरुषहरुको पनि सहयोग पाएका छौं,' उनले भनिन्, 'काम गर्दै जाँदा पर्ने अफ्ठ्यारो परेको बेला सहयोग माग्दै आएका छौं ।'

# निर्दोष बालबालिका माथि अत्याचार विरुद्धको दिवस




**पाल्पा,** जेठ २०/आज निर्दोष बालबालिका माथि अत्याचार विरुद्धको दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । संयुक्त राष्ट्रसंघको आह्वानमा प्रत्येक वर्ष जुन ४ तारिखमा संसारभरि विभिन्न कार्यक्रम गरी निर्दोष बालबालिका माथि हुने अत्याचारविरुद्धको दिवस मनाइन्छ ।

दिवसका अवसरमा विभिन्न कारणले बालबालिकाले भोगेका शारीरिक, मानसिक, भावनात्मक पीडाहरूको चर्चा गर्दै अब त्यस्तो हुन नदिन छलफल र जागरणका कार्यक्रम गरिन्छ । संयुक्त राष्ट्र संघको बाल अधिकारप्रतिको प्रतिवद्धताको पनि आज चर्चा गरिन्छ । नेपालमा बालबालिकाका अधिकार ममतालाई आत्मसात् गर्ने नेतृत्व छान्नेतर्फ हामी कत्तिको चनाखो छौं त ? यस्तै कुराहरूलाई समाहित गर्दै संसारभरि बालमैत्री संरचना र समाजको निर्माणका लागि 'से यस टु चिल्ड्रेन' अर्थात् 'बालबालिकालाई हुन्छ भनौं' भन्ने अभियान पनि चलाइएको छ । संसारभरिका लगभग १० करोड बालबालिकाले आज यसै अभियानमार्फत विभिन्न तवरले आआफ्ना समाजबाट बाल अधिकारप्रति आफ्नो ऐक्यबद्धता जनाउँछन् ।

# आज जातीय भेदभाव तथा छुवाछुत उन्मुलन दिवस मनाइँदै

**पाल्पा,** जेठ २०/जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस आज विभिन्न कार्यक्रम गरी देशभर मनाइँदैछ । विसं २०६३ साल जेठ २१ गते नेपाल सरकारले मुलुकलाई 'जातीय छुवाछूत मुक्त राष्ट्र' घोषणा गरेको थियो । सोही दिनको स्मरणमा २०६८ सालदेखि हरेक वर्ष जेठ २१ गतेलाई 'जातीय भेद्भाव तथा छुवाछूत उन्मूलन दिवस' का रूपमा मनाउने गरिएको छ ।




नेपालको संविधानले सबै जातजाति, भाषाभाषी, वर्ग र समुदायको हक अधिकार सुनिश्चित गर्दै समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको यही मर्मलाई आत्मसात् गर्दै जातीय विभेद र छुवाछुतलाई दण्डनीय अपराधको रूपमा व्याख्या गरी सजायको कानुनी व्यवस्था समेत गरिएको छ । नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको १९ वर्ष बितिसक्दा पनि व्यवहारमा भने छुवाछुत र विभेद अझै हट्न सकेको छैन । जातीय भेदभाव तथा छुवाछुत कसुर र सजायँ ऐन भएपनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा व्यवहारमा विभेद हट्न नसकेको हो । दिवसका सन्दर्भमा नेपालमा पनि बुधबार सचेतना, संघर्ष तथा छलफल र बहसका कार्यक्रमहरू हुँदै छन् । दिवसको सन्दर्भमा दलित नागरिक समाज र संघसंस्थाहरूले विभिन्न कार्यक्रम गरी जातीय विभेदको अवस्था र उन्मूलनका विषयमा छलफल गर्दैछन् । जातका आधारमा ठूलो असमानता र विभेद व्याप्त नेपालमा अहिले पनि जातीय विभेद र अत्याचारका असामान्य घटनाहरू भइरहेकै छन् । तर नेपालले सन् १९७१ मै उक्त महासन्धिलाई अनुमोदन गरेको थियो । नेपालले कानुन बनाएरै जातीय विभेद र छुवाछुतलाई दण्डनीय हुने व्यवस्था गरेको छ भने २०६३ सालमा पुन:स्थापित संसद्ले जातीय भेदभावमुक्त राष्ट्र घोषणा समेत गरेको थियो । वर्तमान संविधानले समेत जातका आधारमा हुने भेदभावलाई दण्डनीय हुने प्रावधान छ । तर व्यवहारमा भने राज्यका निकायको जिम्मेवार पदमा रहेकै व्यक्तिहरूको संरक्षणमा दलित समुदायमाथि भेदभाव, अन्याय र अत्याचारका घटना भइरहेका छन् । नेपालको संविधान ०७२ ले छुवाछुत विरुद्धको हक र दलितको हक गरी दुई वटा मौलिक हकको व्यवस्था गरे पनि व्यवहारमा भने न ती मौलिक हकहरूको कार्यान्वयन भएको छ, न त ती सम्बन्धित कानुनहरू नै बनेका छन् । जातीय विभेदका कारण बनेको सामाजिक असमानतालाई पुर्न सरकारले पनि समयानुकूल नीति र कार्यक्रमहरू अपनाएको छैन । दलित समुदायलाई अधिकार प्रदान गर्न राजनीतिक दल र सरकार समेत उदासीन देखिन्छन् । पछिल्लो जनगणनाअनुसार नेपालमा दलित समुदायको जनसंख्या १५ प्रतिशत छ । संसद्, सरकार र राज्यका अन्य निकायहरूमा दलित समुदायको प्रतिनिधित्व न्यून छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## भेदभाव र छुवाछुत उन्मुलन दिवसको सन्दर्भ

**संविधान र प्रचलित अन्य कानूनअनुसार जातीय भेदभाव र छुवाछुत दण्डनीय अपराध हो । तर नेपाली समाजमा अझै पनि जातिय भेदभाव र छुवाछुत कायमै रहेको छ । कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म संस्कृति, रीतिरिवाज, उत्पति, जात, जाति, वंश समुदाय, पेसा वा व्यवसाय वा शारीरिक अवस्थाका आधारमा गरिने फरक व्यवहारलाई छुवाछुत तथा भेदभाव भनिन्छ । यो नाम वा त्यो नाममा भेदभाव र छुवाछुत हुने गरेको छ । यो अत्यन्त दुःखको कुरा हो । नेपालको विकराल छुवाछुत प्रथा मूलतः जातीयरूपमा आधारित छ । यो जातीय भेदभाव तथा छुवाछुत प्रथा भारतीय उपमहाद्वीपका मुलुकमा जबरजस्त रूपमा स्थापित सामाजिक कलंक हो । २०६३ साल जेठ २१ गते नेपालको पुनर्स्थापित संसदले मुलुकलाई जातीय छुवाछुत मुक्त राष्ट्र घोषणा गऱ्यो । सोही दिनको स्मरण गर्दै हरेक वर्षको जेठ २१ गते अर्थात् आजको दिनलाई जातीय भेदभाव तथा छुवाछुत उन्मूलन दिवसका रूपमा मनाइन्छ । मुलुक 'छुवाछुत मुक्त राष्ट्र' घोषणा भए पनि, दैनिक जस्तो छुवाछुत तथा जातीय भेदभावसम्बन्धी घटना घटिरहेका छन् । यो विडम्वनाको कुरा हो ।**

**नेपालको संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरेको छ । साथै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प समेत गरेको छ । तर कार्यान्वयनको पाटो कमजोर हुँदा यस्ता प्रथाहरुले थप प्रश्र पाइरहनु दुखद् हो । मानिस भएर जन्मिएपछि जातीय विभेद र छुवाछूतको बन्धनमा बाँधिदै अपमानितसँगै अवहेलित हुने सन्दर्भहरु अहिले पनि ठाउँ–ठाउँमा घटित भैरहनुले अन्धविश्वासलाई नै बढवा दिइरहेको छ । छुवाछुत भेदभाव गर्नु भनेको मानव अधिकार हनन् गर्नु नै हो । यसर्थ विभेद र छुवाछुतको जरैदेखि अन्त्य गर्न जरुरी छ ।**

### Opinion @ Social Network

दयालु बन् कमजोर होइन
असल बन् अहंकारी होइन ।

*(एलिसा सारुको फेसबुक स्टाटसबाट www.facebook.com//Alisha.Saru)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हरित अर्थतन्त्र उन्मुख बजेट



**भारती पाठक**

गत बिहीबार सैंघ संसद्मा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वन तथा वातावरण मन्त्रालयका लागि १८ अर्ब ६१ करोड रुपैयाँ विनियोजन गरे, जुन अघिल्लो वर्षको तुलनामा झन्डै २ अर्ब ९१ करोड रुपैयाँ बढी हो । सन् २०८१/८२ मा मन्त्रालयलाई १५ अर्ब ७० करोड विनियोजन गरिएको थियो । यो वर्षको बजेटमा वन तथा वातावरण क्षेत्रलाई प्राथमिकतामा राख्दै, हरित अर्थतन्त्र, जलवायु न्याय, कार्बन व्यापार, वन उद्यमशिलता, डढेलो नियन्त्रण, प्लास्टिक प्रतिबन्ध, जलचक्र संरक्षण र जैविक विविधताको प्रवर्द्धन जस्ता बहुआयामिक विषय समेटिएको छ । यसले वातावरण संरक्षणलाई मात्र होइन, ग्रामीण रोजगारी, स्थानीय अर्थतन्त्र र सामाजिक समावेशिताको पक्षलाई पनि सम्बोधन गरेको देखिन्छ । सरकारको यो सकारात्मक र दूरदर्शी कदम हो । यस वर्षको बजेटमा वन क्षेत्रसँग सम्बन्धित परम्परागत कार्यक्रमहरूबाट अगाडि बढ्दै नवीनतम तथा दिगो समाधानतर्फ उन्मुख कार्यक्रमहरू समावेश गरिएको देखिन्छ। यसले वातावरण संरक्षणसँगै आर्थिक सशक्तीकरणको दिशा पनि देखाएको छ। वन तथा वातावरण क्षेत्रको संरक्षण मात्र नभई, हरित अर्थतन्त्रको विकासको लागि सशक्त स्रोतको रूपमा विकास गर्न यो बजेटले आधार तयार गरेको छ । स्वदेशी काठ उद्योगमा आत्मनिर्भर र निर्यातको सम्भावना बजेटमा उल्लेख छ- वन पैदावारलाई राष्ट्रिय स्रोतका रूपमा सदुपयोग गरिनेछ र वातावरण तथा जैविक विविधतामा प्रतिकूल असर नपर्ने गरी वन क्षेत्रको व्यावसायिक उपयोग र दिगो व्यवस्थापन गरिनेछ। यसले संरक्षण र उपयोगबीचको सन्तुलन कायम राख्दै, स्रोत-साधनको दिगो उपयोग र वातावरणीय न्यायका मूल्यलाई आत्मसात गरेको छ । बजेटमा उल्लेख गरिएको एउटा महत्वपूर्ण विषय भनेको देशभरका वन-जंगलमा कुहिँदै गएका रूखहरूको व्यवस्थापन र प्रयोग हो । विगतमा कानुनी जटिलताका कारण लाखौं घनफिट काठ प्रयोगविहीन हुँदै आएको थियो, जसले प्रतिवर्ष अर्बौंको काठ विदेशबाट आयात गर्नुपर्ने बाध्यता थियो । बजेटले यो समस्यालाई सम्बोधन गरेको छ । स्वदेशमै प्रशस्त मात्रामा उपलब्ध काठलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सक्ने लक्ष्यका साथ सरकारले काठ निर्यातका लागि भन्सार छुट तथा रेट घटाउने व्यवस्था बजेटमा समावेश गर्नु आवश्यक देखिन्छ। यस प्रकारको नीतिगत व्यवस्था लागु गर्न सकेमा स्वदेशी काठ उद्योगलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन मद्दत पुग्नेछ । नेपालका उच्च गुणस्तरीय काठ र काठजन्य वस्तुहरू विश्व बजारमा पुग्नेछन्, जसले रोजगारी सिर्जना, व्यापार सन्तुलन र ग्रामीण विकासमा सकारात्मक प्रभाव पार्नेछ । यसैगरी, वन भोगाधिकारको सन्दर्भमा पनि बजेटले एउटा राहतदायी व्यवस्था प्रस्तुत गरेको छ । नापजाँच गरिसकिएको वन क्षेत्रमा रूख काट्नुअघि पुनः नापजाँच गर्नुपर्ने अनावश्यक प्रक्रिया हटाइएको छ, जसले प्रशासनिक झन्झट कम गर्दै समुदायस्तरमा कार्यान्वयनको गति तीव्र बनाउनेछ । साथै, काठ तथा काठजन्य सामग्रीको आन्तरिक उत्पादन तथा उपभोगलाई गुणस्तरीय बनाउन सिजनिङ उद्योगलाई प्रोत्साहन दिनु अर्को उल्लेखनीय निर्णय हो । यसले घरेलु काठ प्रशोधन उद्योगलाई प्रवर्द्धन गर्नेछ, उत्पादनको आयु र गुणस्तर बढाउनेछ र वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्राथमिकता दिनेछ । हरित अर्थतन्त्रको सम्भावना बोकेको बजेट बजेटले वन क्षेत्रका केही महत्वपूर्ण र दीर्घकालीन समाधानतर्फ केन्द्रित रहँदै व्यावहारिक पक्षलाई सम्बोधन गरेको देखिन्छ । विशेषतः विगतमा बेवास्ता हुँदै आएका सुकेका तथा ढलापडा रूखलाई संकलन गरी उपयोगमा ल्याउने विषयलाई बजेटले स्पष्ट रूपमा सम्बोधन गरेको छ, जुन स्वागतयोग्य पहल हो । ढलापडा रूखहरू प्राकृतिक विपद् (जस्तै बाढी-पहिरो) को बेला नदी तथा खोलामा बगेर क्षति पुऱ्याउने प्रमुख कारणमध्ये एक मानिन्छ । यस्तो अवस्थामा ढलापडा संकलनको व्यवस्थाले वन व्यवस्थापनलाई व्यवस्थित बनाउनुका साथै विपद् न्यूनीकरणमा समेत योगदान पुऱ्याउनेछ । यसले वातावरणमैत्री नीति तथा स्रोतको सदुपयोगमा सरकारको दृष्टिकोण स्पष्ट पारेको छ । त्यस्तै, जैविक विविधता र वन्यजन्तुको संरक्षणका लागि आवश्यक पर्ने प्राकृतिक बासस्थान, घाँसेमैदान र जलस्रोतको संरक्षण र व्यवस्थापनमा बजेटले ध्यान दिएको छ। विशेषतः राष्ट्रिय निकुञ्ज वरपर रहेका मध्यवर्ती क्षेत्रका स्थानीय बासिन्दाका लागि सामुदायिक विकास, आयआर्जन र रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गरिने योजना बजेटमा उल्लेख छ, जसले संरक्षण र समुदायबीचको सहकार्यलाई मजबुत बनाउनेछ । वनसँग सम्बन्धित जडीबुटी क्षेत्र पनि बजेटको प्राथमिकतामा परेको छ । जडीबुटी उत्पादन, संकलन, प्रशोधन, प्रयोगशाला प्रमाणीकरण र बजारीकरण समेतका सम्पूर्ण चक्रलाई व्यवस्थित गरी निर्यात प्रवर्द्धन गर्ने लक्ष्य बजेटले लिएको छ । यसले ग्रामीण क्षेत्रका उद्यमी, लघुउद्यम र महिला समूहरूलाई प्रत्यक्ष लाभ पुऱ्याउनेछ । वन पैदावारको मूल्य अभिवृद्धि, रोजगारी सिर्जना र निर्यात आय वृद्धि जस्ता पक्षमा यो नीतिले सकारात्मक प्रभाव पार्ने अपेक्षा गर्न सकिन्छ । यसरी हेर्दा, बजेटले वन तथा वातावरण क्षेत्रलाई केवल संरक्षणको नजरले नभई आर्थिक सम्भावनाको स्रोतका रूपमा हेर्दै हारती अर्थतन्त्र उन्मुख भएको देखिन्छ ।

**हरित दिगोपनतर्फ बजेट :** सरकारले आगामी वर्षको बजेटमा चुरे तथा तराई-मधेश क्षेत्रको जलचक्रलाई दिगो बनाउने उद्देश्यसहित, जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन गरिने उल्लेख गरेको छ । यसअन्तर्गत गल्छी संरक्षण, सिमसार क्षेत्रको संरक्षण तथा विस्तार, वन क्षेत्रमा वृक्षरोपण तथा प्राकृतिक पुनःस्थापनाका कार्यक्रमह र पानीको सञ्चय तथा पुनर्भरण प्रणालीहरूलाई प्राथमिकतामा राखिएको छ। यी कार्यक्रमहरूले दीर्घकालीन जलस्रोत संरक्षणमा योगदान पुऱ्याउनुका साथै प्राकृतिक प्रकोप नियन्त्रणमा पनि टेवा दिने अपेक्षा गरिएको छ । यसैगरी, जैविक विविधताको संरक्षण र डढेलो नियन्त्रणका लागि समुदाय केन्द्रित दृष्टिकोण अपनाइएको छ । बजेटमा उल्लेख भएअनुसार, डढेलो रोकथाम तथा नियन्त्रणका लागि व्यापक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । डढेलो लगाउने व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउने व्यवस्था गरिनुका साथै, निभाउन सहयोग पुऱ्याउने समुदाय वा व्यक्तिलाई प्रोत्साहन स्वरूप पुरस्कार दिने नीति स्पष्ट रूपमा उल्लेख गरिएको छ । यसले वन संरक्षणमा समुदायको संलग्नता अझ मजबुत बनाउनेछ । राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र तथा वन क्षेत्रको प्रयोगसँग सम्बन्धित विकास आयोजना सञ्चालन गर्दा वातावरणीय सन्तुलन कायम राख्ने कुरामा पनि सरकार सचेत देखिएको छ । वातावरण तथा जैविक विविधता संरक्षणमा नकारात्मक असर नपर्ने गरी यी क्षेत्रहरूको प्रयोगलाई व्यवस्थित गर्ने दृष्टिकोण दीर्घकालीन सोचको आधारमा आएको छ । 'फ्रुट फरेस्ट' कार्यक्रमः हरित विकासको नयाँ मोडेल बजेटमा सामुदायिक वन तथा राष्ट्रिय राजमार्गको दायाँबायाँ फलफूल, जडीबुटी र बहुमूल्य वनस्पति प्रजातिहरू रोप्न र संरक्षण गर्न प्राथमिकता दिइएको छ। यस कार्यक्रमले वन क्षेत्रको संरक्षण र उचित उपयोग मात्र होइन, रोजगारी सिर्जना, जैविक विविधताको संरक्षण तथा स्थानीय उत्पादनमा आत्मनिर्भरता प्रवर्द्धन गर्ने महत्वपूर्ण योगदान पुऱ्याउनेछ । विशेषतः वैदेशिक रोजगारीको खोजीमा रहेका युवालाई स्वदेशमै सम्भावना र अवसर सिर्जना गर्दै वन व्यवस्थापन र सामुदायिक विकासमा संलग्न गराउने सरकारको प्रयास स्वागतयोग्य छ । 'फ्रुट फरेस्ट' कार्यक्रम हरित विकासको एक नवीन मोडेलका रूपमा स्थापित हुँदै राष्ट्रिय अर्थतन्त्र सुदृढ पार्न, युवाशक्तिको सकारात्मक उपयोग सुनिश्चित गर्न र ग्रामीण क्षेत्रमा दिगो समृद्धिको बलियो आधार तयार गर्न सक्षम देखिन्छ । प्लास्टिक र वायु प्रदूषण नियन्त्रणतर्फ ऐतिहासिक कदम सरकारले वातावरणीय प्रदूषण न्यूनीकरणका लागि ऐतिहासिक र दूरदर्शी निर्णय लिँदै आगामी १ मंसिरदेखि ४० माइक्रोनभन्दा पातलो प्लास्टिकको उत्पादन, आयात, बिक्री-वितरण र प्रयोगमा पूर्ण प्रतिबन्ध लगाउने घोषणा गरेको छ । प्लास्टिकजन्य वस्तुबाट हुने प्रदूषणका दीर्घकालीन असरलाई मध्यनजर गर्दै लिइएको यो नीति, वातावरण संरक्षणका दिशामा महत्त्वपूर्ण मोडको रूपमा आएको छ । साथै, हाल सञ्चालनमा रहेका प्लास्टिक उद्योगहरूलाई वातावरणमैत्री बनाउने उद्देश्यले, नयाँ मापदण्डअनुसार 'डाई' प्रतिस्थापन गर्न आवश्यक पर्ने प्रविधिमा पूँजीगत अनुदान दिने व्यवस्था पनि बजेटमा गरिएको छ । यो व्यवस्थाले उद्योगहरूलाई वातावरणअनुकूल रूपान्तरणतर्फ प्रोत्साहन गर्नेछ । जलवायु न्याय र कार्बन कारोबारतर्फ संवेदनशील दृष्टिकोण पग्लिँदै गरेका हिमाल, सुक्दै गइरहेका हिमनदी र समग्र पारिस्थितिक प्रणालीमा पर्न थालेको प्रतिकूल असरलाई मध्यनजर गर्दै आगामी बजेटले वातावरण संरक्षणमा केन्द्रित कार्यक्रमहरू अघि सारेको छ । महिलाका लागि उद्यम दर्तामा छुट नयाँ बजेटले महिलाका लागि उद्यम दर्तामा छुट दिने व्यवस्था गरेको छ। यो पहल सामुदायिक वन, जडीबुटी, पानीको स्रोत जस्ता प्राकृतिक स्रोतहरूमा निर्भर रहेर जीविका सञ्चालन गर्दै आएका महिलाका लागि विशेष रूपमा सकारात्मक सावित हुने देखिन्छ । विशेषतः ग्रामीण क्षेत्रमा रहेका महिलाहरू सामुदायिक वन समूह, कबुलियत वन, कृषि वन, जल उपभोग समूह तथा साना उद्योगहरूमार्फत जीविकोपार्जनमा संलग्न छन् । उनीहरू प्रायः असंगठित वा गैरदर्ता व्यवसायमा सीमित छन्। यस्ता महिलालाई औपचारिक आर्थिक प्रणालीमा ल्याउने उद्देश्यले उद्यम दर्ता प्रक्रियामा छुटको व्यवस्था हुनु उत्साहजनक छ । नेपालमा हाल २३ हजार ६०१ सामुदायिक वन समूहमार्फत २५ लाख हेक्टरभन्दा बढी वन क्षेत्र समुदायले व्यवस्थापन गरिरहेका छन्। यस्ता समूहहरूमा महिलाको सक्रिय संलग्नता उल्लेखनीय छ । त्यसैले, उद्यम दर्तामा छुटको व्यवस्था उनीहरूको श्रम, सिप र योगदानलाई मान्यता दिने उपाय पनि हो । अन्त्यमा यस वर्षको बजेटले वन तथा वातावरण क्षेत्रलाई केन्द्रमा राख्दै महत्वाकांक्षी र दूरदर्शी कार्यक्रमहरू अघि सारेको छ, जुन दिगो विकास र हरित अर्थतन्त्रतर्फ ठोस कदमको संकेत हो । नीति र बजेटले मार्गचित्र तय गर्छन्, तर परिवर्तनको वास्तविक स्वरूप प्रभावकारी कार्यान्वयनमार्फत मात्रै सम्भव हुन्छ। जब बजेटका लक्ष्यहरू व्यवहारमा लागु गरिन्छन्, तब मात्र तिनको सार्थकता देखिन्छ र जनस्तरसम्म यसको सकारात्मक प्रभाव पुग्छ । कार्यान्वयन सफल बनाउन तीन तहका सरकार संघ, प्रदेश र स्थानीय सरकारबीचको सहकार्य, स्पष्ट जिम्मेवारीको बाँडफाँट र योजना निर्माणदेखि कार्यान्वयनसम्मको समन्वय निर्णायक हुन्छ । विशेषगरी सामुदायिक वन उपभोक्ता समूह, महिला, युवा उद्यमी र स्थानीय सरकारहरूलाई नेतृत्वको भूमिकामा ल्याउँदै सहकार्यको भावना विकास गर्न सकेमा बजेटका कार्यक्रमहरू जमिनमै कार्यान्वयन हुनेछन् र हरित समृद्धिको यात्रा सशक्त बन्छ । साथै, नीतिगत स्थायित्व, पारदर्शिता, प्रभावकारी अनुगमन र समावेशी नागरिक सहभागिता सुनिश्चित गरेर वातावरणीय कार्यक्रमहरूलाई दिगो बनाउनु अहिलेको आवश्यकता हो। योजनाहरूलाई व्यवहारमा रुपान्तरण गर्दै वातावरणीय संरक्षण र आर्थिक समृद्धिबीच सन्तुलन कायम राख्न सरकारले दूरदृष्टि र प्रतिबद्धता देखाउनुपर्छ भने जनताले पनि त्यसलाई साथ दिनु जरुरी छ । जब सरकार र नागरिकबीच विश्वास बढ्छ, तब हरित अर्थतन्त्र, जलवायु लचिलोपन र जैविक विविधताको संरक्षण जस्ता लक्ष्यहरू जनजीवनमा प्रत्यक्ष अनुभूत हुनेगरी साकार हुन्छन् । यसरी मात्रै 'सुखी नेपाली, समृद्ध नेपाल' को राष्ट्रिय संकल्पमा सफलता मिल्नेछ ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सरकारी क्षेत्रमा अधिकारी वर्गहरूको सहयोग मिल्नेछ। यात्रा राम्रो रहनेछ। | **तुला** : आज अनावश्यक यात्रा र वैदेशिक क्षेत्र कमजोर रहनेछ । |
| **वृष** : नयाँ कार्यले दिनचर्यामा बदलाव लिएर आउनेछ। साहस र उत्साहमा वृद्धि हुनेछ। | **वृश्चिक** : आज नयाँ कार्यको योजना बन्नेछ । आत्मबल पनि बढ्नेछ । |
| **मिथुन** : स्वादिष्ट भोजन पाइनेछ । वित्तिय संस्थाबाट सहयोग मिल्नेछ । | **धनु** : आज पुरानो समस्या सुल्झाउन सकिनेछ । मनमा उत्साह हुनेछ । |
| **कर्कट** : सन्तान पक्षबाट शुभ सूचना मिल्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **मकर** : अतिथिको आगमन हुनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** : रमणीय र सुखद् यात्राको योग छ । नयाँ कामको थालनी हुनेछ । | **कुम्भ** : आज कार्यमा बाधा आउनेछ । सरकारी निकायको भय रहला । |
| **कन्या** : कीर्तिमानी काम गर्ने समय छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । | **मीन** : प्रेममा सफलता पाइनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |

## कला मनोरञ्जन

# धूम-४ मा रणवीर कपूरको इन्ट्री



बलिउड अभिनेता रणवीर कपूर फिल्म 'धूम-४' मा देखिने भएका छन् । रिपोर्टका अनुसार, यस फिल्ममा उनको लुक पूर्णतया नयाँ र फरक हुनेछ । यसको लागि उनले तयारी सुरु गरिसकेको बताइएको छ । धूम ४ अहिलेसम्म रिलिज भएका धूम फ्रेन्चाइजीका सबै फिल्महरू भन्दा ठुलो साबित हुने र यसको कथा पनि एक्सनले भरिपूर्ण हुने हालैका रिपोर्टहरूले दाबी गरिरहेका थिए । पिंकभिल्लामा छापिएको खबरका अनुसार आदित्य चोपडाले श्रीधर राघवनसँग मिलेर धूम ४ को कथा र पटकथा तयार गरिरहेका छन् । उनीहरू हाल यस्तो कथाको ड्राफ्टमा काम गरिरहेका छन् । रणवीर यस फिल्मको लागि उपयुक्त भएको बताइएको छ । फिल्ममा रणवीरको भूमिका उनको व्यक्तित्व अनुसार बनाइएको छ । नयाँ धूम फिल्मको एक्सन र कथाले यसलाई संसारका उत्कृष्ट एक्सन फिल्महरूको स्तरमा उभ्याउने पनि बताइएको छ । यस फिल्मको अन्दाज यश राज फिल्म्सले यस अघि बनाएका जासूस युनिभर्स फिल्महरू भन्दा पूर्ण रूपमा फरक हुने भनिएको छ । फिल्मको छायांकन २०२६ को गर्मीयामबाट सुरु हुने खबर छ । यो घोषणा पछि प्रयोगकर्ताहरूको प्रतिक्रिया पनि आउन थालेको छ । कसैले रणवीर कपूर फिल्ममा सामेल भएकोमा खुशी व्यक्त गरेका छन् भने कसैले ऋतिक रोशनलाई फिल्ममा कास्ट गर्न माग गरेका छन् । धूम फ्रान्चाइजका ३ फिल्म (धूम, धूम २ र धूम ३) रिलिज भइसकेका छन् । पहिलो फिल्ममा अभिषेक बच्चन, जोन अब्राहम, उदय चोपडा महत्त्वपूर्ण भूमिकामा थिए । धूम २ मा अभिषेक बच्चन, ऋतिक रोशन र ऐश्वर्या राय मुख्य भूमिकामा थिए । २०१३ मा रिलिज भएको धूम ३ मा आमिर खानले दोहोरो भूमिका निर्वाह गरेका थिए । कट्रिना कैफ आमिरकी अभिनेत्र थिइन् । यतिबेला रणवीरको हातमा कयौं ठुला फिल्म छन् । नितेश तिवारीको मेगा बजेटको फिल्म रामायणमा भगवान् रामको भूमिकामा उनी देखिँदैछन् । संदीव वांगा रङ्गीको एनिमल पार्कमा पनि उनी देखिँदै छन् । सञ्जय लीला भन्सालीको लभ एन्ड वार पनि उनको पोल्टामा छ । ब्रम्हास्त्रको दोस्रो भागमा पनि उनी देखिने भएका छन् ।

*-रातोपाटी डटकम*

# सलमान खानको घरमा सुरक्षा त्रुटि



सलमान खानको सुरक्षामा भएको त्रुटिको बारेमा एउटा ठूलो खबर बाहिर आएको छ । गत बुधबार, सलमान खानको घरमा अर्को घटना भयो जहाँ एक महिला उनको भवनमा प्रवेश गरिन् । ती अपरिचित महिला सलमान खानको फ्ल्याट नजिकै पुगिन् । ती महिलालाई पक्राउ गरिएको छ र उनीविरुद्ध अवैध अतिक्रमणको मुद्दा दर्ता गरिएको छ । ती महिलाको पहिचान ३६ वर्षीया इशा छाबडाको रूपमा गरिएको छ । सलमान खान मुम्बईको विलासी क्षेत्र बान्द्राको ग्यालेक्सी अपार्टमेन्टमा बस्छन् । सलमान खानको सुरक्षामा उल्लंघन भएको यो दोस्रो घटना हो । उनको सुरक्षाका लागि प्रहरी कर्मचारी पनि तैनाथ छन्, यस्तो अवस्थामा सलमानको घरमा अपरिचित महिला पुग्नु चिन्ताको विषय हो । हाल प्रहरीले उनले यसो गर्नुको पछाडिको उद्देश्य के थियो भनेर पत्ता लगाउने प्रयास गरिरहेको छ । सलमान खानलाई यसअघि पनि लरेन्स बिश्नोई गिरोहबाट धेरै धम्की आइसकेको छ । उनको घरमा गोली चलाएको घटना पनि भएको थियो । यसैलाई ध्यानमा राख्दै महाराष्ट्रका गृह राज्यमन्त्री योगेश कदमले सलमान खानको घरमा भएको घुसपैठको घटनाप्रति चिन्ता व्यक्त गरेका छन् । उनले भने, "सलमान खानलाई अहिलेसम्म प्राप्त धम्कीका कारण सुरक्षा दिइएको छ । एजेन्सीहरू पूर्ण रूपमा सतर्क छन् । सलमानको जीवनमा कुनै खतरा छैन ।" यसअघि पनि बलिउड अभिनेताको घर ग्यालेक्सी अपार्टमेन्टमा एक व्यक्ति अवैध रूपमा प्रवेश गरेको थियो । यसकारण सलमानका फ्यानहरू पनि चिन्तित हुन थाले । स्रोतका अनुसार यो घटना मे २० मा साँझ ७:१५ बजे भएको थियो । यस घटनामा प्रहरीले जितेन्द्र कुमार सिंह विरुद्ध मुद्दा दर्ता गरेर अनुसन्धान सुरु गरेको छ । जितेन्द्र कुमार छत्तीसगढका बासिन्दा हुन् । *-डिसी नेपाल डटकम*

# 'ब्लू लाइट'को मुहूर्त, महेशर आयुष्मान पनि जोडिए



कथानक फिल्म 'द ब्लू लाइट'को मुहूर्त गरिएको छ । मंगलबार कमलादीस्थित गणेश मन्दिरमा आयोजित मुहूर्त पूजामा 'कास्ट एण्ड क्रू' सहभागी रहे । छायांकन विहिबारदेखि सुरु हुनेछ । उपत्यकाका विभिन्न थलोमा खिचिने फिल्मको छायांकन २० दिनभित्र सक्ने लक्ष्य छ । बलिराम चौहानको निर्देशन हुनेछ । शीर्ष भूमिकामा अर्पण थापा, महेश त्रिपाठी, आयुश्मान जोशी, बेनिशा हमाल, सृष्टि श्रेष्ठ, सुरक्षा इटानीले अभिनय गर्नेछन् । बाल कलाकारमा गृष्मा कटुवाल र सहारा शर्मा छन् । मनोवैज्ञानिक थ्रीलर जनरामा निर्माण हुने फिल्मलाई स्काइफल पिक्चर्सको ब्यानरमा निर्माण गर्न लागिएको हो । सहनिर्मातामा रमन ग्रे छन् । नरेन्द्र मैनाली छायांकार हुन् । आकाश उखेडा मख्य सहायक निर्देशक रहेको फिल्ममा रेलिजा श्रेष्ठ प्रोडक्सन डिजाइनर, दिलीप पन्त निर्माण नियन्त्रक छन् । 'विस्तारै हाम्रा प्रचार सामग्रीमार्फत कथावस्तुबारे जानकारी दिँदै जानेछौं' निर्देशक चौहानले भने, 'हामी यो जनराकै एक उत्कृष्ट सिनेमा बनाउने छौं । दर्शकले रुचाउने चलचित्र बनाउने छौं ।' यो फिल्मलाई सन् २०२५ भित्रै प्रदर्शन तयारी छ ।

*-अनलाइन खबर डटकम*

# 'पिताम्बर' नयाँ फिल्ममा तीन देशका कलाकार हुने



गत चैतमा प्रदर्शन भएको 'पिताम्बर' बक्स अफिसमा सफल नभए पनि यसले कृषा चौलागाइँलाई भने एक्सन निर्देशकको रुपमा स्थापित गरायो । ठूला स्टारलाई लिएर ठूलो बजेटमा स्तरीय एक्सन फिल्म बनाएको भन्दै उनको प्रशंसा भएको थियो । यसपछि उनलाई बाहिरी ब्यानरबाट फिल्म निर्देशनको प्रस्ताव आइरहेको छ । यसैबीच, उनले जापान पुगेर नयाँ फिल्म साइन गरेकी छन् । अघिल्लो साता एक अवार्डमा सहभागी हुन जापान पुगेको समयमा कृषाले यूएनए प्रोडक्सनको निर्माण रहने फिल्म साइन गरेकी हुन् । यूएनएका प्रमुख तथा जापान वितरक उज्ज्वल गुरागाँई र कृषाबीच कागजी सम्झौता भएको हो । फिल्ममा नेपाल, जापान र फिलिपिन्सका कलाकारको अभिनय रहने जनाइएको छ । त्यसका लागि प्रमुख भूमिकामा एक अभिनेत्रीको टुंगो लागिसकेको छ । फिल्मको निर्माणमा यूएनए प्रोडक्सनसँग जापानको एक टिमले पनि सहकार्य गर्नेछ । फिल्मको छायांकन आगामी भदौ महिनाबाट सुरु हुनेछ । फिल्मलाई नेपाल, जापान र फिलिपिन्समा खिच्ने पक्का भइसकेको निर्माता गुरागाँईले जानकारी दिए । फिल्मको नाम र कलाकारको बारेमा केही दिनमा जानकारी गराइने उनले बताए । उनका अनुसार फिल्ममा नाम चलेका कलाकार हुनेछन् । फिल्म निर्देशनका लागि कृषाले ४० लाखमाथि पारिश्रमिक बुझेको चर्चा छ । यद्यपि, यसको स्वतन्त्र पुष्टि भएको छैन । कृषाले 'पिताम्बर'पछि आफू नयाँ फिल्ममा जोडिएको जानकारी दिँदै दर्शकको विश्वासलाई टुट्न नदिने बताएकी छिन् । निर्देशनको हिसाबले उनको यो तेस्रो फिल्म हुनेछ । 'पिताम्बर'अघि उनले 'ऐँचो पैँचो'को निर्देशन गरेकी थिइन्, जुन उनको डेब्यु फिल्म थियो ।

*-फिल्मी खबर डटकम*

# रङ्गमञ्चमा रेखाको इन्ट्री



नेपाली सिने उद्योगकी चर्चित अभिनेत्री रेखा थापाले करिब साढे दुई दशकको फिल्मी करियरपछि रङ्गमञ्चमा प्रवेश गरेकी छन् । 'हिरो' फिल्मबाट नेपाली रजतपटमा डेब्यु गरेकी थापाले कान्तिपुर थिएटर, गैरीधारामा दीपक सिंजाली लिखित तथा सुन्दर धिताल निर्देशित नाटक 'मीरा' बाट आफ्नो मञ्चन करियरको सुरुवात गर्न लागेकी हुन् । रङ्गमञ्चमा डेब्यु गर्न पाँच देखि चार घण्टा दैनिक अभ्यासमा बिताएकी थापाले आफूमा एक कौतुहलतासहितको फरक उत्साह अनुभूत गरिरहेको बताइन् । केही वर्षअघि लकडाउनको समयमा दुईवटा नाटकको प्रस्ताव आए पनि व्यस्तता र आत्मविश्वासको कमीका कारण स्वीकार नगरेको उनले खुलाइन् । "रिहर्सल र दैनिक मञ्चनजस्ता कुरा मेरा लागि फरक संसारजस्तो थियो। समय व्यवस्थापनमा नै समस्या देखेकाले मैले त्यतिबेला चासो दिइनँ," उनले भनिन् । यसपटक रङ्गमञ्चमा उक्लिने कुरा कान्तिपुर फिल्म एकेडेमी तथा कान्तिपुर थिएटरका संचालक प्रकाश पुरीका कारण सम्भव भएको थापाको भनाइ छ । पुरीले रेखा फिल्म्सबाटै स्क्रिप्ट राइटरका रूपमा डेब्यु गरेकाले उनीमाथिको विश्वास र समय संयोजनको संयोग मिलेको उनले बताइन् । यति मात्र नभई 'मीरा' उपन्यासको कथाले पनि थापालाई बलियो गरी आकर्षित गरह्यो । "कथा सुनेपछि १५ दिन 'मीरा' को जीवन एकपटक जिएर हेरौं न भनेर हो । मीरा एउटा सच्चा क्रान्तिकारी हो । ऊ भावुक पनि छ। समाज र परिवारका बन्धनले उसलाई कसरी भित्रभित्र खाइरहेको छ र त्यो कुरालाई ऊ कसरी सामना गर्छे भन्ने कुराले मलाई मञ्चमा 'मीरा' हुन मन लाग्यो," उनले भनिन् । थापाका अनुसार प्रेमका विभिन्न प्रकारहरू देखिने र तिनमा समाजका जात, समुदाय, आर्थिक वर्ग, दुई परिवारका द्वन्द्वलगायतका कुराहरूको प्रभाव पर्ने गरेको छ । 'मीरा' नाटकमा शीर्षक पात्र मीराको प्रेमकथा आमरूपमा सोच्दै-हेर्दै-देख्दै-पढ्दै आएका प्रेमकथाहरूभन्दा फरक रहेको उनले बताइन् । "एउटा यस्तो फरक प्रेमकथा छ, जुन तपाईं हामीले झट्टै सोचिहाल्ने वा अनुमान गरिहाल्ने किसिमको छैन । त्यो प्रेमकथामा वास्तविक जीवनकी रेखा थापा थिइन् भने त्यही प्रकारको विद्रोह गर्न सक्थी ? के उसले त्यो प्रेम गर्न सक्थी ? कसलाई छनोट गर्थी होला? समाज, परिवार, प्रेमी या प्रेममा कृष्णकी मीराझैँ हुन्थी ? यस्ता प्रश्नको उत्तर यो नाटकमा छ," उनले भनिन् । थापाले आफूलाई एउटा विद्रोही अभिनेत्रीका रूपमा हेरिए पनि आफूमा 'मीरा' पात्रको झैँ विद्रोही स्वभाव नभएको बताइन् । "प्रेमको मामिलामा त मैले विद्रोह नै गर्न पाइनँ । समाजसँग जुन विद्रोह गर्ने रेखा थापा छ, अन्याय अत्याचारविरुद्ध, पात्र त्यस्तै हो तर मीरा अझ बढी सशक्त र विद्रोही हो,"उनले थपिन् । सिनेमा र रङ्गमञ्चको फरक अनुभव नाटकको अभिनय र सिनेमाको अभिनय दुवै अभिनय नै भए तापनि थापाको एक महिनाको अनुभवले यसलाई 'बिना एक्सन-कटको फिल्म' मानेकी छन्। "दुवैमा प्रयोग हुने त अभिनयका नवरस नै हुन्, तर यसमा एक्सन-कट, टेक-रिटेक भन्ने हुन्न । रिहर्सल पढाइ हो भने मञ्चन त्यसको परीक्षा जहाँ उत्कृष्ट हुनु जरुरी छ, जस्ट पास भन्ने नै हुँदैन," उनले भनिन् । उनले दर्शकहरूसँग प्रत्यक्ष रहेर गर्ने काम भएकाले पात्रमा सजीव हुनुपर्ने र यसमा शुद्धता, ठूलो स्वरमा बोल्नुपर्ने तथा एउटै रफ्तारमा बहनुपर्ने फरक अनुभव गरेको बताइन् । नाटकलाई लिएर उनी अहिले आत्मविश्वासमा छन् । यो महिना दिनको अवधिले उनलाई 'हिरो' फिल्मबाट डेब्यु हुनुअघिको तयारीका दिनहरूको सम्झना गराइरहेको छ । "जीवनमा म दोस्रोपटक यसरी अभ्यास गरिरहेकी छु । 'हिरा' फिल्ममा डेब्यु हुने भएपछि १६ वर्षकी रेखा थापाले नृत्य र अभिनयको प्रशिक्षण लिएको सम्झना मलाई यतिखेर भइरहेको छ,"उनले भनिन् । उनले विश्व बस्नेतले अभिनय सिकाएको र कमल राईले नृत्य अभ्यास गराएको स्मरण गरिन् । "आज २४ वर्षपछि म फेरि १८ वर्षकी मीरा हुने अभ्यास गरिरहेकी छु । यसमा दुईवटा मीरा छ- एउटा १७-१८ वर्षकी र अर्को ३५-३६ वर्षकी । मलाई अहिलेको अभ्यासले पहिलाकै ऊर्जा बोकेकी रेखा थापा भएको अनुभव भइराखेको छ । अभ्यास गरिरहँदा पहिलो फिल्ममा डेब्यु गर्दाको अनुभव अहिले मलाई भइरहेको छ । सिनेमामा अभिनय गर्ने रेखा र अब नाटकमा देखिने अभिनेत्री रेखामा फरक अनुभव गरिरहेको उनले बताइन् । "यहाँ अझ बढी राम्रोसँग अभिनय गर्न पाइन्छ। एक्सन-कट हुँदैन, पात्रको संवेगसँग बग्नुपर्छ। एउटा लयमा बग्न पाइन्छ। अझ राम्रो प्रस्तुति 'मीरा'मा हुनेछ भन्ने मेरो विश्वास छ," उनले भनिन्। आगामी दिनमा नाटकमा पुनः मञ्चित हुने-नहुने कुरा आफूलाई आउने नाटकका प्रस्तावमा भर पर्ने उनको भनाइ छ । समय जुर्दा राम्रा कथा भएका नाटकलाई स्वीकार गर्ने उनले बताइन् । "मेरा लागि रङ्गमञ्च होस् या सिनेमा, अभिनय उत्तिकै सम्मानित र प्रगाढ भएर बसेको छ । त्यसैले नाटकका लागि भविष्यमा पनि म खुला नै हुनेछु,' उनले भनिन् । एक महिनाको नाटक जीवनपछि थापाको नजरमा नाटक एउटा साधना र ध्यानजस्तो अनुभव भएको छ । अब रेखा 'मीरा' को प्रदर्शनको पर्खाइमा छिन् र दर्शकका लागि आफू एउटा 'सरप्राइज' बनेर आउनेमा ढुक्क छिन् । यो नाटकले थापालाई धेरै उत्साह भरेको छ । उनी यो नाटकलाई मञ्चबाट बाहिर लाने सोचमा पनि छिन् । "हुनसक्छ यो सिनेमा नै बन्नेछ, तर त्यो नभएमा सिरिजका रूपमा निश्चित रूपमा आउनेछ। मैले यसका लागि निर्देशक सुन्दर धितालसँग कुरा गरिराखेकी छु ।"

*-हाम्रा कुरा डटकम*

# बुटवलमा जग्गा नापजाँचको काम सुरु



**बुटवल,** जेठ २०/बुटवलमा जग्गा नापजाँचको काम सुरु भएको छ । बुटवल उपमहानगरपालिकाको प्राविधिक सहयोग र समन्वयमा भूमि समस्या समाधान आयोग रुपन्देहीले वडा नम्बर १२ र १३ मा लालपूर्जाविहीन क्षेत्रको जग्गा नापजाँच सुरु गरेको हो ।

उपमहानगरपालिकाले अव्यवस्थित बसोबास तथा भूमिहिनहरूको समस्यालाई दीर्घकालिन रूपमै सामधान गर्ने गरी नापजाँचको काम अगाडि बढाइएको जनाएको छ । वडा नम्बर १२ दुर्गानगर र वडा नम्बर १३ को तारा टोलमा नापजाँच नभएका जग्गाहरुको नापजाँचका लागि उपमहानगरपालिकाबाट प्राविधिक टोली खटिएको नगर प्रमुख खेलराज पाण्डेयले बताए । उनले बुटवलका लालपूर्जाविहिन जग्गाहरुको नापजाँच गरी साउनभित्रै लालपूर्जा वितरण गर्ने गरी काम अगाडि बढेको बताए । उनले यसअघि बुटवल ११ मजुवाका ५ वटा टोलमा १ हजार ७ सय ५० घरघडेरीको नापजाँच सकिएको र त्यसअघि बुटवल ११ प्रगतिनगर १ हजार ७ सय ५२, बुटवल २ पाखापानी, मनकामना टोल, सिर्जनानगरमा ९ सय ५०, बुटवल १४ कैलाशनगर ६५ वटा, बुटवल १४ विनायकपूर १०० जति घरघडेरीको नापजाँच भइसकेको बताए । प्रक्रिया पूरा भएका जग्गाहरुको लालपूर्जा दिने तयारीका साथ बुटवल उपमहानगरपालिका र भूमि समस्या समाधान आयोगले काम गरिरहेको उनले बताए । भूमि समस्या समाधान आयोग रुपन्देहीका अध्यक्ष कुमार थापाले बुटवल उपमहानगरपालिकाको क्रियाशीलताका कारण सबैभन्दा सुरुमा बुटवलमा लालपूर्जा वितरण हुने गरी काम भइरहेको बताए । उनले प्रक्रिया पूरा भएका घरघडेरीको लालपूर्जा दिने गरी काम अगाडि बढेको बताए । १२ का वडा अध्यक्ष डिल्लीप्रसाद शर्मा उपाध्यायले लालपूर्जाविहिन जग्गाहरुको नापजाँचमा वडाबाट पूर्ण रुपमा सहजीकरण हुने र कुनै विवाद नगरी नापजाँच अगाडि बढ्ने बताए । १३ का वडा अध्यक्ष नारायणप्रसाद पुनले लालपूर्जा नपाएका घरधनीहरुलाई पूर्जा दिने गरी सुरु भएको काममा सबैको साथ र सहकार्य जरुरी रहेको बताए । डिजिटल नापी भएका कारणले कुनै समस्या नआउने गरी नापजाँच हुने उपमहानगरपालिका नापी शाखाका त्रिदेव बुढाथोकीले जानकारी दिए ।

# तानसेनमा वराहपुराण ज्ञानमहायज्ञ

**पाल्पा,** जेठ २०/जिल्लाको सदरमुकाम तानसेनमा वराहपुराण ज्ञानमहायज्ञ सञ्चालन भएको छ । तानसेन नगरपालिका -३ भगवती टोलस्थित सन्यास परम्पराको सिद्धमुभी वद्रेश्वर शिवालयधाम सन्यास आश्रममा वराहपुराण ज्ञानमहायज्ञ सञ्चालन भएको हो ।

अठारपुराणको वार्षिक अनुष्ठान अर्न्तगत यसवर्ष वराहपुराण सञ्चालनमा आएको छ । नेपालकै प्रथम महिला जगतगुरु शंकराचार्य जुनाअखडा महामन्डलेश्वर माता हेमानन्द गिरीजी महाराजबाट प्रवचन भएको छ । ज्ञानमहायज्ञको शोभायात्रा निकालिएको थियो । यहाँका टोल विकास संस्था, आरती भजनमण्डली, ॐशान्ती परिवार र महिला पञ्चेबाजासहित भक्तजनहरुले वाजा गाजा र आ-आफ्नो पहिचान सहितको भेषभुसामा झाँकी ऱ्याली निकालेका थिए । वद्रेश्वर शिवालयधामबाट निस्किएको झाँकी,ऱ्याली शितलपाटी,नारायणस्थान, टुँडिखेल,आन्दोदनचोक, लहरेपिपल-सिलखानटोल-विशालबजार,मखनटोल-गोलोघर हुँदै शिवालयधाममा प्रवेश गरेको थियो । कलशयात्राको समापनपछि शोभायात्रामा समावेश टोल संस्थाहरु विभिन्न भजन मण्डलीहरुलाई प्रमुख अतिथि तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठबाट रामनाम र मायाको चिनो प्रदान गरिएको थियो । सोही अवसरमा




नगरप्रमुख श्रेष्ठले जन्मदिनको उपलक्ष्यमा महायज्ञलाई पच्चिस हजार नगद रकम प्रदान गर्ने घोषणा गरे । वराहपुराण ज्ञानमहायज्ञ जेठ २५ गते सम्म चल्लने छ । शोभायात्रामा नगरप्रमुख श्रेष्ठसहित महामण्डलेश्वर माता हेमानन्द गिरी माहराज, अनन्त विभुषित ध्यानी बाबा तथा कृष्णचरित्रवान चैतन्यमहाप्रभु लगायत अन्य धार्मीक सामाजिक र राजनैतिक अभियान्ताहरुको समेत सहभागिता रहेको थियो ।

*-जयराम सापकोटा*

## खेलकुद समाचार

# नेपाल थाइल्यान्डसँग पराजित



**काठमाडौं,** जेठ २०/अर्को महिना हुने एशियन कप छनोटको तयारीमा रहेको नेपाली महिला राष्ट्रिय फुटबल टोलीले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा थाइल्यान्डसँग २-० गोलले पराजित भएको छ । सोमबार बैंककमा सम्पन्न खेलको पहिलो हाफ गोलरहित बराबरीमा टुङ्गिए पनि दोस्रो हाफमा भने नेपाल सम्हालिन सकेन । थाइल्यान्डले दोस्रो हाफको ५९औं मिनेटमा फ्रिकिकमार्फत अग्रता लिएको थियो । झन्डै ३० यार्ड टाढाबाट मोंग्कोल्दीले पहिलो बारतर्फ प्रहार गरेको फ्रिकिकमा नेपालकी कप्तान एन्जिला तुम्बापो सुब्बा बलसम्म पुग्न नसक्दा गोल भएको थियो । त्यसपछि ७५ औं मिनेटमा थाइल्याण्डले काउन्टर अट्याकमा गोल थप्यो । यसअघि भएको क्लोज डोर मैत्रीपूर्ण खेलमा नेपाल १-० ले पराजित भएको थियो । नेपालले अर्को महिना एएफसी महिला एशियन कपको छनोट खेल्दैछ । उज्वेकिस्तानमा हुने प्रतियोगितामा नेपालले आयोजकसँगै लाओस र श्रीलङ्काको सामना गर्नेछ । चार टोली समूहको शीर्षस्थानमा रहने टोलीले सन् २०२६ मा अष्ट्रेलियामा हुने एशियन कपमा स्थान पक्का गर्नेछ ।

**वर्गिकृत डिस्प्ले**

*१X ५ साइजमा मात्र*

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# स्याङ्जाको चराङमा फल्यो स्याउ



**वालिङ (स्याङ्जा),** जेठ २०/भीरकोट नगरपालिका-९ चराङ गहतेमा स्याउ उत्पादन थालिएको छ । यहाँ दुई वर्ष अगाडि परीक्षणका लागि स्याउ लगाउन सुरु गरिएको थियो ।

भीरकोट-९ का वडा सदस्यसमेत रहेका चराङ गहतेका ललित गुरुङ र ईमानप्रसाद गुरुङले परीक्षणका लागि लगाएको स्याउ यसवर्ष लटरम्म फलेको छ । "दुई वर्ष अघि स्याउका बेर्ना किनेर परीक्षणका लागि लगायौं", ललितले भने, "फल्छ की फल्दैन भन्ने अन्योल थियो । अहिले लटरम्म फलेको छ ।" गत वर्ष ५-७ दाना मात्र फलेको उनले बताए । स्याउका लागि यहाँको हावापानी अनुकुल रहेको पाइएको छ । समुद्री सतहदेखि झण्डै एक हजार ५०० मिटर उचाइमा रहेको चराङ गहतेमा परीक्षणका लागि लगाइएको स्याउले राम्रो उत्पादन दिन थालेपछि अब व्यावसायिक रुपमा स्याउ उत्पादन गर्न थालेको उनले बताए । "अब स्याउका बेर्ना ल्याएर व्यावसायिकरुपमा अगाडि बढ्ने तयारीमा छौं", ललितले भने । स्याउको यावसायिक उत्पादनबारे कृषि प्राविधिकसँग समन्वय छलफल गरिरहेको उनले बताए । चराङ गहतेमा स्याउ उत्पादन सफल भएसँगै अहिले त्यहाँका स्थानीय खाली रहेका जमिनमा व्यावसायिक रुपमा स्याउ खेती गर्नेतर्फ आकर्षित हुन थालेका छन् । कृषि ज्ञान केन्द्र स्याङ्जाका प्रमुख विनोद हमालले यसबारे जानकारी प्राप्त नभएको बताउन्छन् । "उत्पादन भएको स्याउको गुणस्तर पत्ता लगाउँदै छौं", उनले भने । *-रासस*

## ३५ दिने सार्वजनिक सूचना

*(सूचना प्रकाशित मिति:२०८२/२/२१)*

श्री मनिराज फौजाको नाति पहल सिँ फौजाको छोरा, दिलमाया फौजाको पति,गुल्मी जिल्ला सत्यवति गाउँपालिका, वडा नं.०३ साविक ठुलो लुम्पेक वडा नं.०१,बस्ने खुम बहादुर फौजाको मिति २०८१/११/१० गतेको दिनमा मृत्यु भएकोले निजको नाममा यस कुमारी बैंक लि. रिडी शाखामा रहेको खाता नं.०४५००९७५४४०००० मा मौज्दात रहेको रकम भुक्तानी पाँउ भनी निज खातावालाको छोरा गोपि राम फौजाले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय रिडी वा प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

**कुमारी बैंक लिमिटेड**
रिडी, गुल्मी, फोन नं. : ०७९-४०००९८

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई